# कर्मचारी आवश्यकता

**प्रथम पटक प्रकाशित मिति : २०७६/०४/०१**

आशा लघुवित्त वित्तीय संस्था लि. नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्थाको केन्द्रीय कार्यालय तथा विभिन्न जिल्लाहरुमा खुल्ने/खुलिसकिएका शाखा कार्यालयहरुको लागि मेहनती, इमान्दार र अनुभवि कर्मचारीहरुको आवश्यकता भएकोले खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गर्नु पर्ने भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट तपशिल बमोजिमको पदहरुको लागि दरखास्त आह्वान गरिन्छ ।

| विज्ञापन नं. | कार्यालय | पद | श्रेणी | संख्या | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|---|---|
| १/०७६/७७ | केन्द्रीय कार्यालय | प्रबन्धक/सहायक प्रबन्धक | व्यवस्थापकीय | केही | प्रबन्धक पदका लागी मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह वा सो सरहको परीक्षा उत्तिर्ण गरि कम्तिमा ५ बर्ष लघुवित्त वित्तीय संस्थामा अधिकृत श्रेणीमा कार्य गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरहको परीक्षा उत्तिर्ण गरि कम्तिमा ७ बर्ष लघुवित्त वित्तीय संस्थामा अधिकृत श्रेणीमा कार्य गरेको तथा सहायक प्रबन्धक पदका लागी मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह वा सो सरहको परीक्षा उत्तिर्ण गरि कम्तिमा ४ बर्ष लघुवित्त वित्तीय संस्थामा अधिकृत श्रेणीमा कार्य गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरहको परीक्षा उत्तिर्ण गरि कम्तिमा ६ बर्ष लघुवित्त वित्तीय संस्थामा अधिकृत श्रेणीमा कार्य गरेको । |
| २/०७६/७७ | केन्द्रीय/शाखा कार्यालय | सुपरभाईजर | सहायक | केही | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तथा सो सरहको परीक्षा उत्तिर्ण गरि कम्तिमा ३ बर्ष लघुवित्त वित्तीय संस्थामा जिम्मेवार पदमा रहि कार्य गरेको वा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तिर्ण गरी ५ बर्ष लघुवित्त वित्तीय संस्थामा जिम्मेवार पदमा रहि कार्य गरेको एवं मोटर साईकल चालक अनुमति पत्र भएकालाई प्राथमिकता दिईनेछ । |
| ३/०७६/७७ | शाखा कार्यालय | शाखा प्रबन्धक (वरिष्ठ सहायक/सहायक) | सहायक | केही | बरिष्ठ सहायक पदको लागी मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरहको परीक्षा उत्तिर्ण गरी २ बर्ष लघुवित्त वित्तीय संस्थामा जिम्मेवार पदमा रहि कार्य गरेको वा प्रविणता प्रमाण प्रत्र तह उत्तिर्ण गरी कम्तिमा ४ वर्ष लघुवित्त वित्तीय संस्थामा कार्य गरेको तथा सहायकको लागि प्रविणता प्रमाण प्रत्र तह उत्तिर्ण गरी कम्तिमा २ वर्ष लघुवित्त वित्तीय संस्थामा कार्य गरेको एवं मोटर साईकल तथा चालक अनुमति पत्र भएकालाई प्राथमिकता दिईनेछ । |
| ४/०७६/७७ | केन्द्रीय कार्यालय | कनिष्ठ IT सहायक | सहायक | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण प्रत्र तह वा सो सरहको परीक्षा उत्तिर्ण गरी कम्तिमा २ वर्ष सुचना प्रबिधि वा सो संग सम्वन्धीत क्षेत्रमा कार्य गरेको । |
| ५/०७६/७७ | शाखा कार्यालय | सहायक प्रशिक्षार्थी | सहायक | केही | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.एल.सि./एस.इ.इ. वा सो सरहको परीक्षा उत्तिर्ण गरि कम्प्युटर तथा लघुवित्त क्षेत्रको वारेमा राम्रो ज्ञान भएको तथा फिल्डमा कार्य गर्न सक्ने एवं मोटर साईकल तथा चालक अनुमति पत्र भएकालाई प्राथमिकता दिईनेछ । |

***वान्छनिय न्युनतम योग्यता*** : दरखास्त गरेको मिति सम्म सहायक श्रेणीको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा व्यवस्थापकीय श्रेणीको लागी २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने छ । तर महिला उमेदवारको हकमा माथिल्लो उमेर हदमा पाँच बर्ष थप हुनेछ ।

**आवेदन फाराम** : यस वित्तीय संस्थाको वेब साईट : www.ashamicrofinance.com.np वा यस वित्तीय संस्थाको जुनसुकै शाखा कार्यालयहरु बाट नि:शुल्क प्राप्त गर्न सकिनेछ ।

**पुनश्च** : सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा आवेदन फाराममा हालसालै खिचेको पासपोर्ट साईजको फोटो टाँस गरी सम्पुर्ण विवरण पुर्ण रुपमा भरि **asha.vacancy@gmail.com** मा ई-मेल मार्फत वा यस संस्थाको केन्द्रीय कार्यालयमा पेश गर्न सकिने छ । प्राप्त सबै निवेदन उपर नियमानुसार छानविन गरी छोटो सुचिमा परेका उमेदवारहरुलाई मात्र छनौट प्रक्रियाको लागि समावेश गरिनेछ । अस्पष्ट तथा पुर्ण रुपमा नभरेको आवेदन फाराम स्वत रद्द हुनेछ । रीत नपुगी तथा म्याद नाघि आएको आवेदन फाराम उपर कुनै कारवाही हुने छैन । कर्मचारी आवश्यकताको विज्ञापन रद्द गर्ने सम्मको सम्पुर्ण अधिकार यसै वित्तीय संस्थामा निहित रहनेछ ।

**आशा लघुवित्त वित्तीय संस्था लि.**
**Asha Laghubitta Bittiya Sanstha Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

**पदपूर्ति समिति**
ककनी-०६, नुवाकोट, नेपाल
वेब साइट : www.ashamicrofinance.com.np